# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०९।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

सि.आर.भी. केशलियामार्ग विराटनगर, मोरङमा कार्यरत प्रहरी सहायक निरीक्षक श्यामकुमार दाहालले सेवाग्राहीलाई अनावश्यक दुःख हैरानी दिई बिभिन्न खाद्य सामग्रीहरु ओसारपसारमा सहजीकरण गरिदिने प्रयोजनको लागि घुस/रिसवत रकम माग गरेको सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले सेवाग्राहीबाट रु. ७,०००।– (सात हजार) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीको व्यवसायमा प्रयोग हुने सवारी साधन चालक लगायतलाई बाटोमा अनावश्यक दुःख नदिने कुनै किसिमको बाधा अवरोध नगर्ने चेकजाँच नगर्ने व्यवसायलाई सहज गराइदिने भनी निज श्यामकुमार दाहालले रु. ७,०००।— घुस/रिसवत माग गरी लिएको भन्ने तथ्य प्रमाणित हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज श्यामकुमार दाहाललाई बिगो रु. ७,०००।— (सात हजार) कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला